# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२/०४/२७

## प्रेस विज्ञप्ति

धुनषास्थित नेपाल पत्रकार महासंघ मधेस प्रदेश समितिको कार्यालय भवन निर्माणस्थल जनकपुरधाम उपमहानगरपालिका, श्रीराम मन्दिर गुठीको जग्गा कब्जा गर्न गरिएको हर्कतप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।
उक्त जग्गा महासंघ प्रदेश समितिले २० वर्षका लागि लिजमा लिएकोमा नेपाल बार एशोसिएसन धनुषाले आफ्नो हक लाग्ने भन्दै जग्गा कब्जाको प्रयास गर्न खोज्नु शोभनीय विषय होइन ।

प्रदेश समितिले जग्गा संरक्षण गर्न तारले घेराबार गरिरहेका बेला साउन २७ गते बारका जिल्ला अध्यक्ष विमल मिश्र नेतृत्वको एक समुहले महासंघ प्रदेश अध्यक्ष श्याम बन्जारा, उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र क्रान्ति, पत्रकार दिवाकर साह, विनिता यादव लगायतलाई आक्रमण समेत गरेको घटनाको महासंघ निन्दा र भर्त्सना गर्दछ ।
कुटपिटबाट मधेश प्रदेशका महासचिव क्रान्तिको खुट्टा भाँच्चिएको छ भने पत्रकार साहको टाउकोमा गम्भीर चोट लागेको छ । महासंघ घाईते पत्रकारको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

“अदालत हाम्रो गोजीमा छ, हामी जे भन्छौ त्यही हुन्छ” भन्दै पत्रकारमाथि भएको आक्रमण प्रेस स्वतन्त्रता माथिको ठाडो हस्तक्षेप हो । अत: पत्रकारमाथि आक्रमणमा संलग्नहरुलाई तत्काल कानुनी कारबाही, घाईते पत्रकारको उपचार र भविष्यमा यस प्रकारको घटना दोहोरिन नदिने प्रबन्ध मिलाउन महासंघ सम्बद्ध निकायसंग जोडदार माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org